आज मिति २०८३।०४।०४ गते दिउँसो ३:३० बजे बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमि नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रह्यो ।

उपस्थिति

क्र.स.	नाम, थर	पद	ठेगाना	हस्ताक्षर
१	श्री केशव कुमार श्रेष्ठ	नगर प्रमुख	बुद्धभूमि न.पा. १	
२	श्री मिरा थारु	उप प्रमुख	बुद्धभूमि न.पा. २	
३	श्री तेज बहादुर बस्नेत	वडा अध्यक्ष	बुद्धभूमि न.पा. १	
४	श्री सुरज प्रताप राणा	वडा अध्यक्ष	बुद्धभूमि न.पा. २	
५	श्री गोविन्द प्रसाद आचार्य	वडा अध्यक्ष	बुद्धभूमि न.पा. ३	
६	श्री सुसिल कुमार चौधरी	वडा अध्यक्ष	बुद्धभूमि न.पा. ४	
७	श्री रोम बहादुर थापा क्षेत्री	वडा अध्यक्ष	बुद्धभूमि न.पा. ५	
८	श्री ऐलेन्द्र प्रसाद कुर्मी	वडा अध्यक्ष	बुद्धभूमि न.पा. ६	
९	श्री शालिकराम यादव	वडा अध्यक्ष	बुद्धभूमि न.पा. ७	
१०	श्री कपिलदेव तिवारी	वडा अध्यक्ष	बुद्धभूमि न.पा. ८	
११	श्री प्रमोद आचार्य	वडा अध्यक्ष	बुद्धभूमि न.पा. ९	
१२	श्री सन्दीप कुमार पान्डेय	वडा अध्यक्ष	बुद्धभूमि न.पा. १०	
१३	श्री कमला चौधरी	का. सदस्य	बुद्धभूमि न.पा. १	
१४	श्री शिवाली थारु	का. सदस्य	बुद्धभूमि न.पा. २	शिवाली
१५	श्री अनिता कुमारी पासी	का. सदस्य	बुद्धभूमि न.पा. ६	अनिता
१६	श्री विमला देवी कुर्मी	का. सदस्य	बुद्धभूमि न.पा. ८	विमला
१७	श्री अनिता देवी यादव	का. सदस्य	बुद्धभूमि न.पा. ९	अनिता
१८	श्री प्रभावती लोहार	का. सदस्य	बुद्धभूमि न.पा. ७	प्रभावती
१९	श्री तारादेवी सुनार	का. सदस्य	बुद्धभूमि न.पा. ४	
२०	श्री कमलेश बरई	का. सदस्य	बुद्धभूमि न.पा. १०	
२१	श्री यमकान्त पाण्डेय	सदस्य-सचिव	बुद्धभूमि न.पा.	

मिति :२०८३।०४।०४ गते दिउँसो ३:३० बजे बसेको बुद्धभूमि नगर कार्यपालिका बैठकको निर्णयहरू:

१. **अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।**

निर्णयः मिति २०८३।०३।१६ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो । साथै कार्यान्वयन हुन बाँकी निर्णयहरू तदारूकताका साथ कार्यान्वयन गर्ने / गराउने निर्णय गरियो ।

२. **आ.व. २०८२।०८३ को आय सम्बन्धमा ।**

निर्णय : बुद्धभूमि नगरपालिकाको आ.व. २०८२।०८३ को आर्थिक प्रशासन शाखाबाट प्राप्त विवरण अनुसार चालु तर्फ ८३.२३ प्रतिशत, पूँजीगत खर्च तर्फ ५७.९६ प्रतिशत गरी समग्रमा ७२.८४ प्रतिशत रकम खर्च भएको जानकारी प्राप्त भयो । साथै राजश्व शाखाबाट प्राप्त विवरण अनुसार २०८३ असार ३२ गते सम्म विभाज्य कोष समेतबाट ७ करोड २० लाख १५ हजार ७११ रुपैयाँ मात्र राजश्व संकलन भएको जानकारी प्राप्त भयो ।

३. **योजना फरफारक सम्बन्धमा ।**

निर्णय : बुद्धभूमि नगरपालिकाबाट आ.व.२०८२।०८३ मा सञ्चालित योजना तथा कार्यक्रम हाल सम्म योजना शाखाबाट प्राप्त विवरण अनुसार १९६ वटा योजना तथा कार्यक्रमहरु फरफारकको लागि पेश भएको व्यहोरा जानकारी प्राप्त भयो ।

४. **बार्षिक समिक्षा सम्बन्धमा ।**

निर्णय : बुद्धभूमि नगरपालिकाले वार्षिक प्रगति समीक्षालाई संस्थागत गर्न यस नगरपालिका अन्तर्गतका विभिन्न शाखाहरू तथा वडा कार्यालयहरूबाट आ.व. २०८२।०८३ सालमा सञ्चालन भएका योजना/कार्यक्रमहरूको बार्षिक समिक्षा देहायको मिति, समय र स्थानमा आयोजना गर्ने निर्णय गरियो ।

क) मितिः २०८३।०४।२२ गते, शुक्रबार

ख) समयः ११:०० बजे देखि

ग) स्थानः बहुउद्देश्यीय सभाहल, हनुमानचोक, बुडढी, कपिलवस्तु ।

५. **नगर अस्पताल सञ्चालन सम्बन्धमा ।**

निर्णयः यस नगरपालिकाभित्र आम नागरिकलाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले निर्माण भएको १५ शैय्याको नगर अस्पतालको भौतिक संरचना निर्माण कार्य सम्पन्न भएकोले उक्त अस्पताललाई यथाशीघ्र सञ्चालनमा ल्याउन आवश्यक पर्ने फर्निचर, मेडिकल उपकरण र जनशक्ति पदपूर्तिका सम्बन्धमा छलफल भयो । सो सम्बन्धमा अस्पताल सञ्चालनका लागि आवश्यक पर्ने बेड, फर्निचर, ल्याब उपकरण, एक्स-रे मेसिन लगायतका सम्पूर्ण मेडिकल औजार, उपकरणहरूको लागत अनुमान तयारी तथा संगठन तथा व्यवस्थापन सर्वेक्षण बमोजिम मेडिकल अधिकृत, स्टाफ नर्स, ल्याब टेक्निसियन, रेडियोग्राफर, फार्मेसी, प्रशासन कर्मचारी, कार्यालय सहयोगी तथा सरसफाइकर्मी लगायतका जनशक्तिको उपलब्धता र वर्तमान अवस्थाको यकिन गरी प्रतिवेदन पेश गर्न स्वास्थ्य

उमेश कुमार श्रेष्ठ
नगर प्रमुख

शाखालाई जिम्मेवारी प्रदान गर्ने। उक्त सामग्रीहरू सार्वजनिक खरिद कानून बमोजिम प्रक्रिया पुऱ्याई खरिद प्रक्रिया अगाडि बढाउने। स्थायी पदपूर्ती गर्ने मिल्ने दरबन्दीमा प्रदेश लोक सेवा आयोगबाट कर्मचारी माग गर्ने र हाललाई तत्काल सेवा सञ्चालन गर्न अपुग हुने जनशक्तिहरू करार सेवाबाट व्यवस्थापन गर्ने यस नगरपालिकाको "करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि" बमोजिम सार्वजनिक सूचना प्रकाशन गरी खुला प्रतिस्पर्धात्मक परीक्षा मार्फत करार सेवामा पदपूर्ति गर्न स्वीकृति प्रदान गर्ने।

६. **प्रारम्भिक वातावरणीय परीक्षणका लागि कार्यसूची सम्बन्धमा।**

निर्णय : बुद्धभूमि नगरपालिका क्षेत्रभित्रका खोला/ नदीबाट उत्खनन गर्न सकिने नदीजन्य पदार्थको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) तयार गर्ने सम्बन्धमा नगरपालिकाबाट तयार भएको सेवा परामर्श दाताको कार्यक्षेत्रगत शर्त (Terms of Reference ToR) स्वीकृत गरियो। साथै सोही कार्यसूची बमोजिम यस नगर क्षेत्रभित्रका कुन्द्रा खोला, गुडरूङ् खोला, बेलगुडरूङ खोला, घोघवा खोला, अगिया खोला, कुचिया खोला, झिगवा खोला र बाणगंगा खोलाको (IEE) प्रतिवेदन तयार गर्न लागत अनुमान तयार गरी आवश्यक प्रक्रिया अगाडि बढाउन कार्यालयलाई स्वीकृति दिने निर्णय गरियो।

७. **पशु चिकित्सक भर्ना सम्बन्धमा।**

निर्णय : नेपाल सरकारको संघीय सर्शत बजेट मार्फत एक पालिका एक भेटेरिनरी डाक्टरको लागि बजेट विनियोजन भएकोले संघीय सरकारको बजेटको अधिनमा रही सेवा, सुबिधा र शर्तमा १ जना भेटेरिनरी डाक्टर भर्नाको लागि १५ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने र खुला प्रतिस्पर्धात्मक परीक्षा (लिखित तथा अन्तर्वार्ता) मार्फत उम्मेदवार छनोट गरी करार सम्झौता गर्न आवश्यक सम्पूर्ण प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी तथा स्वीकृति प्रदान गर्ने।

८. **शिक्षक दरबन्दी मिलान सम्बन्धमा।**

निर्णय : यस नगरपालिका अन्तर्गत सञ्चालनमा रहेका सामुदायिक विद्यालयमा विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण कार्यविधि, २०८० बमोजिम शिक्षक विद्यार्थी अनुपात तथा विषयगत आधारमा दरबन्दी मिलान तथा पुर्नवितरण र विद्यार्थी संख्या कम भएका विद्यालयहरुको समायोजन तथा कक्षा घटुवाका लागि प्रस्तुत पूर्ण विवरण सहितको प्रतिवेदन बैठकमा जानकारी भयो सोही बमोजिम कार्यान्वयन गर्नको लागि कार्यविधिमा उल्लेखित संलग्न बमोजिमका विद्यालयहरू समायोजन, दरबन्दी मिलान तथा पुनर्वितरण गर्न दरबन्दी मिलान कार्यदललाई जिम्मेवारी दिने निर्णय गरियो।

केशव कुमार शाह
नगर प्रमुख



शैक्षिक सत्र २०८३ को विद्यार्थी संख्याका आधारमा कक्षा शिक्षक विद्यार्थी अनुपात र आवश्यक शिक्षक संख्या:

क्र.सं.	विद्यालयको नाम	ठेगाना	सञ्चालित कक्षा	बालविकास		शिक्षक - विद्यार्थी अनुपात	प्राथमिक तह		शिक्षक - विद्यार्थी अनुपात	निम्नमाध्यमिक		शिक्षक - विद्यार्थी अनुपात	माध्यमिक तह (कक्षा ९-१०)		शिक्षक - विद्यार्थी अनुपात	बालविकास			कक्षा १-१०				कैफियत
				बौजुदा बालविकास सहजकर्ता	विद्यार्थी संख्या		बौजुदा शिक्षक संख्या	विद्यार्थी संख्या		बौजुदा शिक्षक संख्या	विद्यार्थी संख्या		बौजुदा शिक्षक संख्या	विद्यार्थी संख्या		आवश्यक सहजकर्ता	कम हुने	बढी हुने	बौजुदा जम्मा शिक्षक संख्या	कक्षा १-१० मा आवश्यक शिक्षक संख्या	कम हुने शिक्षक	बढी हुने शिक्षक	
१	सिद्धार्थ स्मारक माध्यमिक विद्यालय	बुद्धभूमि न.पा. १,मेलाई	बा.वि.-१२	३	४२	१४	१०	१०१	१०	४	२२९	५७	९	१५६	२९	२	०	१	२०	१८	०	२	
२	गोशालेश्वरी माध्यमिक विद्यालय	बुद्धभूमि न.पा. १,पलाकोट	बा.वि-१२	३	२६	९	८	४३	५	३	५४	१८	४	७७	१९	३	०	१	१५	१५	०	०	
३	जनज्योति आधारभूत विद्यालय	बुद्धभूमि न.पा. १,तीरपु	बा.वि.-८	१	२४	२४	८	९०	१२	२	१०३	५२				२	१	०	१०	९	०	१	
४	आदर्श आधारभूत विद्यालय	बुद्धभूमि न.पा. १,चंगट	बा.वि.-५	१	१५	१५	५	४०	८							१	०	०	५	३	०	२	कक्षा १-२ मात्र सञ्चालनमा रहेको
५	रामेश्वर आधारभूत विद्यालय	बुद्धभूमि न.पा. १,झल्केवा	बा.वि-३	१	१०	१०	२	९	५							१	०	०	२	०	०	२	बालविकास मात्र सञ्चालनमा रहेको
६	मणिश्वर आधारभूत विद्यालय	बुद्धभूमि न.पा. १,टिक्कर	बा.वि-३	१	११	११	१	१०	१०							१	०	०	२	०	०	२	बालविकास मात्र सञ्चालनमा रहेको
७	गौतमबुद्ध माध्यमिक विद्यालय	बुद्धभूमि न.पा.२,गोकर्णिये	बा.वि-१२	४	५६	१४	१०	१७१	१७	४	२९४	७४	४	२८०	७०	३	०	१	१८	१९	१	०	
८	आधारभूत विद्यालय बखडीया	बुद्धभूमि न.पा.२,बखडीया	बा.वि.-७	३	४८	१६	७	१६	१४	०	२७					२	०	१	१०	८	१	०	
९	आधारभूत विद्यालय बडहरा	बुद्धभूमि न.पा.२,बडहरा	बा.वि.-५	२	१५	८	३	५२	१७							१	०	१	७	८	१	०	
१०	शिवशक्ति आधारभूत विद्यालय	बुद्धभूमि न.पा.२,गोकर्णिये	बा.वि-३	२	३०	१५	३	५२	१७							१	०	१	३	३	०	०	
११	नेपाल राष्ट्रिय माध्यमिक विद्यालय	बुद्धभूमि न.पा.३,रुम्पार्वा	बा.वि-१२	२	२०	१०	७	६८	१०	३	१०५	३५	४	१०२	२६	१	०	०	३	३	०	०	
१२	विशाकि आधारभूत विद्यालय	बुद्धभूमि न.पा.३,बोकटपुर	बा.वि-८	१	२४	२४	६	७१	१२	१	५१	५१				१	०	१	१४	१४	०	०	
१३	नेपाल राष्ट्रिय आधारभूत विद्यालय	बुद्धभूमि न.पा.३,मोर्ती	बा.वि-५	१	१२	१२	४	३१	८							१	०	०	७	८	१	०	
१४	सरस्वती आधारभूत विद्यालय	बुद्धभूमि न.पा.३,रुम्बीरा	बा.वि.१	१	१९	१९	१	१३	१३							१	०	०	४	२	०	२	बालविकास-३ सञ्चालनमा रहेको
१५	पुकुटी माध्यमिक विद्यालय	बुद्धभूमि न.पा.४,बुद्धडी	बा.वि-१२	२	१०३	५२	१०	२६३	२६	४	२०५	५१	६	१५०	३२	१	०	०	९	२	०	०	
१६	नेपाल राष्ट्रिय माध्यमिक विद्यालय	बुद्धभूमि न.पा.४,मोर्मा	बा.वि-१०	१	५	५	८	८५	१९	२	९२	४६	१	५३	५३	१	०	०	२०	१९	०	१	
१७	जनकल्याण आधारभूत विद्यालय	बुद्धभूमि न.पा.४,बुद्धडी	बा.वि-३	१	१७	१७	३	७३	८							१	०	०	११	१३	३	०	
१८	जनकल्याण आधारभूत विद्यालय	बुद्धभूमि न.पा.४,गोल्बार	बा.वि-१	१	१८	१८	१	१८	१८							१	०	०	३	२	०	१	
१९	आदर्श आधारभूत विद्यालय	बुद्धभूमि न.पा.४,भैरवपुर	बा.वि.१	१	९	९	१	६	६							१	०	०	१	१	०	०	
२०	नेपाल राष्ट्रिय माध्यमिक विद्यालय	बुद्धभूमि न.पा.५,चौरी	बा.वि-१०	१	३३	१७	१	१२१	१२	१	१३६	६८	३	७४	२५	१	०	०	१	१	०	०	बालविकास मात्र सञ्चालनमा रहेको
२१	नेपाल राष्ट्रिय आधारभूत विद्यालय	बुद्धभूमि न.पा.५,शंकपुर	बा.वि-४	१	१६	१६	६	१३८	२०	०	५१					२	०	०	१४	१४	०	०	
२२	सुर्योदय आधारभूत विद्यालय	बुद्धभूमि न.पा.५,धनौरहटी	बा.वि-५	१	१८	१८	४	९६	१७							१	०	०	६	७	१	०	
२३	माणादेवी आधारभूत विद्यालय	बुद्धभूमि न.पा.५,कठविरवा	बा.वि-४	१	२३	२३	३	५९	३०							१	०	०	४	४	०	०	
२४	माध्यमिक विद्यालय महुवा(बाबा)	बुद्धभूमि न.पा.६,महुवा	बा.वि-१८	१	५५	५५	९	२७५	३१	३	३२२	१०७	३	२१९	६४	१	१	०	१५	१८	३	०	१ स्थायी दरबन्दी बाट गएको

बुद्धभूमि नगरपालिका, कपिलवस्तु

क्र.सं.	विद्यालयको नाम	ठेगाना	सञ्चालित कक्षा	बालविकास		शिक्षक-विद्यार्थी अनुपात	प्राथमिक तह			निम्नमाध्यमिक			माध्यमिक तह (कक्षा ९-१०)			बालविकास			कक्षा १-१०				कैफियत
				मौजुदा बालविकास सहजकर्ता	विद्यार्थी संख्या		मौजुदा शिक्षक संख्या	विद्यार्थी संख्या	शिक्षक-विद्यार्थी अनुपात	मौजुदा शिक्षक संख्या	विद्यार्थी संख्या	शिक्षक-विद्यार्थी अनुपात	मौजुदा शिक्षक संख्या	विद्यार्थी संख्या	शिक्षक-विद्यार्थी अनुपात	आवश्यक सहजकर्ता	कम हुने	बढी हुने	मौजुदा जम्मा शिक्षक संख्या	कक्षा १-१० मा आवश्यक शिक्षक संख्या	कम हुने शिक्षक	बढी हुने शिक्षक	
२५	बनदेवि आधारभूत विद्यालय	बुद्धभूमि न.पा.६,कोहठौलिया	बा.वि.-७	२	३६	१८	५	७८	१६	०	३३					२	०	०	५	६	१	०	
२६	सरस्वती आधारभूत विद्यालय	बुद्धभूमि न.पा.६,लक्ष्मणपुर	बा.वि.-८	१	७०	७०	६	२५४	४३							३	२	०	६	७	१	०	
२७	मनकामना आधारभूत विद्यालय	बुद्धभूमि न.पा.६,मैनाहवा	बा.वि.-३	१	२६	२६	२	५६	२८							१	०	०	२	२	०	०	
२८	आनकी आधारभूत विद्यालय	बुद्धभूमि न.पा.६,शैलहवा	बा.वि.-४	१	२८	२८	३	८६	२२							१	०	०	३	४	१	०	१ स्थायी दरबन्दी थप गर्नुपर्ने
३०	राष्ट्रिय आधारभूत विद्यालय	बुद्धभूमि न.पा.७,मालपुर	बा.वि.-५	२	३९	२०	९	१७२	१९	२	९८	४९	३	४६	१५	२	०	०	१४	१४	०	०	
३१	माध्यमिक विद्यालय पिपरौंडा	बुद्धभूमि न.पा.८,हरिहरपुर	बा.वि.-१०	१	४४	४४	११	२२६	२१	३	२०१	६७	५	१८३	३७	२	१	०	४	५	१	०	
३२	सरस्वती आधारभूत विद्यालय	बुद्धभूमि न.पा.८, झूलिया	बा.वि.-८	१	५२	५२	६	१७०	२८	२	१६२	८१				३	१	०	१२	१२	०	०	
३३	आधारभूत विद्यालय कोटिहवापौंडा	बुद्धभूमि न.पा.८,धरिगवाँ	बा.वि.-५	१	४२	४२	५	१४३	२९							३	१	०	८	९	१	०	
३४	ने.रा.आधारभूत विद्यालय	बुद्धभूमि न.पा.८,खैरहनिया	बा.वि.-६	१	३३	३३	५	९९	२०	०	१९					२	१	०	५	५	०	०	
३५	जनज्योती आधारभूत विद्यालय	बुद्धभूमि न.पा.८,मधुनगरा	बा.वि.-३	१	११	११	२	५७	२९							१	०	०	५	६	१	०	कक्षा ५ सम्म सञ्चालन गर्ने
३६	बनकल्याण माध्यमिक विद्यालय	बुद्धभूमि न.पा.९,बबुनिपुर	बा.वि.-१२	१	५६	५६	८	९२	१२	४	१६६	४२	५	१९३	३९	१	०	०	२	३	१	०	१ स्थायी दरबन्दी थप गर्नुपर्ने
३७	माध्यमिक विद्यालय इमिलिया	बुद्धभूमि न.पा.९,इमिलिया	बा.वि.-१२	२	३५८	१२९	१४	५२९	३७	४	४७०	११८	४	२७०	६९	२	१	०	१७	१७	०	०	
३८	गबरहवा आधारभूत विद्यालय	बुद्धभूमि न.पा.९,गबरहवा	बा.वि.-८	१	१४	१४	६	६७	११	१	५१	५१				७	५	०	२१	३५	१३	०	
३९	जनज्योती आधारभूत विद्यालय	बुद्धभूमि न.पा.९,धमौली	बा.वि.-५	१	२४	२४	४	५१	१५							१	०	०	७	८	१	०	
४०	किसान आधारभूत विद्यालय	बुद्धभूमि न.पा.९,चम्पापुर	बा.वि.-५	१	१७	१७	५	७१	१६							१	०	०	४	४	०	०	
४१	धनकौली माध्यमिक विद्यालय	बुद्धभूमि न.पा.१०,धनकौली	बा.वि.-१२	१	३३	३३	८	२७८	३५	१	३५३	२५३	३	८१	२७	१	०	०	५	५	०		
४२	कपिलवस्तु राष्ट्रिय माध्यमिक विद्यालय	बुद्धभूमि न.पा.१०,चेलाटेई	बा.वि.-१२	१	६१	३१	८	२३१	३०	१	१८६	१८६	३	१३०	४६	१	०	०	१२	१६	३	०	
४३	सकशाइन मा.आधारभूत विद्यालय	बुद्धभूमि न.पा.१०,बडिहवा	बा.वि.-८	३	५७	१९	५	१९१	३२	१	९६	५६				१	०	०	१२	१५	३	०	
४४	आधारभूत विद्यालय हरिदासठिहवा	बुद्धभूमि न.पा.१०, हरिदासठिहवा	बा.वि.-५	१	३३	३३	४	१९३	४८							१	०	०	६	९	२	०	
४५	सरस्वती मा.आधारभूत विद्यालय	बुद्धभूमि न.पा.१०,त्योसीला	बा.वि.-५	१	२०	२०	५	५७	११							१	०	०	४	५	१	०	
४६	रवि मा.आधारभूत विद्यालय	बुद्धभूमि न.पा.१०,बिजौरी	बा.वि.-५	१	३६	३६	६	२४४	४१							१	०	०	५	३	०	२	कक्षा ३ सम्म सञ्चालन गर्ने
४७	कुमरा बालविकास केन्द्र	बुद्धभूमि न.पा.९, कुमरा	बालविकास													१	०	०	६	६	०	०	स्थायी शिक्षक व्यवस्थापन गर्नुपर्ने
४८	बाबुली बालविकास केन्द्र	बुद्धभूमि न.पा.९, बाकुलपुर	बालविकास																				
४९	बुद्धज्योति बालविकास केन्द्र	बुद्धभूमि न.पा.९, शैलहवा	बालविकास																				भालु विद्यालयमा एघारै, आवश्यकता अनुसार समायोजन गर्ने
जम्मा																४३	१४	४	३६१	३८९	३९	१४	

९. **भूमिहिन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासको लगत संकलन कार्यविधि सम्बन्धमा ।**

निर्णय : यस नगरपालिका भित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०८३ को दफा ४ मा उल्लेखित सहजीकरण समितिको सदस्यमा उपदफा (१) घ मा उल्लेखित कार्यपालिका सदस्यहरू मध्येबाट एक दलित वा अल्पसंख्यक अन्तर्गत कमलेश बरई र एक महिला सदस्य अन्तर्गत कमला चौधरीलाई तोकी तथा दफा (२) मा तोकिए बमोजिम वडास्तरीय सहजीकरण समिति गठन गर्ने निर्णय गरियो । साथै, ब्लक निर्माणमा खटिने जनशक्तिलाई खाजाबापत प्रतिव्यक्ति प्रतिदिन रु. २००।– का दरले रकम उपलब्ध गराउने तथा कार्यालय व्यवस्थापन, नापजाँच तथा अन्य आवश्यक कार्यमा सहयोग गर्न जनशक्तिलाई दैनिक ज्यालादारीमा प्रतिदिन रु. ७५४।– का दरले काममा लगाउने निर्णय गरियो ।

१०. **कृषि सम्बन्धी कार्यविधि सम्बन्धमा ।**

निर्णय : यस नगरपालिकाको कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका, २०८३ र विभिन्न बालीका उत्पादन प्रर्दशन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ माथि छलफल गर्दा प्राप्त सुझावहरू समावेश गरी स्वीकृत गर्ने निर्णय गरियो ।

११. **नगर प्रहरी छनौट, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ संशोधन सम्बन्धमा ।**

निर्णय : यस नगरपालिकाको नगर प्रहरी छनौट, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ को तपसिल अनुसार रहने गरी संशोधन गर्ने निर्णय गरियो ।

कार्यविधिमा भएको व्यवस्था	हेरफेर वा संशोधन गरिएको विवरण	संशोधन गर्नुपर्ने कारण
थप गरिएको	दफा ३ (क)१ नगर प्रहरी हवल्दार -१ जना	नगर सभाबाट स्वीकृत दरबन्दी बमोजिम नगर प्रहरी व्यवस्थापन गर्नु पर्ने भएकोले
थप गरिएको	दफा ५(२) क - दफा दफा ३ (क) १ बमोजिमको नगर प्रहरी हवल्दारको लागि कम्तीमा ३ वर्षदेखि निरन्तर बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत नगर प्रहरी जवानहरू मध्येबाट दरखास्त आह्वान गरी जेष्ठता-२० (प्रति बर्ष २.५ अंकका दरले), कार्यसम्पादन -१०, अनुभव -१० र अन्तर्वार्ताको (१०) गरी जम्मा ५० अंकबाट अधिकतम अकं प्राप्त गर्ने नगर प्रहरी जवानलाई नगर प्रहरी हवल्दारमा स्तरवृद्धि गरी करार सम्झौता गरिनेछ । दफा ५ (२) ख अन्तर्वार्ता सम्बन्धी कार्यविधि छनौट समितिले व्यवस्था गरे बमोजिम हुनेछ ।	नगर प्रहरी हवल्दारको नियुक्तिको प्रक्रिया गत व्यवस्थाको लागि आवश्यक भएकोले
दफा ७.- छनौट समितिको गठन	दफा ७.- छनौट समितिको गठन	छनौट समितिलाई निष्पक्ष बनाउन

धर्मराज पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको वरिष्ठ अधिकृत प्रतिनिधि - अध्यक्ष ख) ईलाका प्रहरी कार्यालय गोरुसिङ्गेको कम्तीमा अधिकृत स्तरको प्रतिनिधि - सदस्य ग) नगर कार्यपालिका वा अन्तर्गत कार्यरत अधिकृत स्तरका कर्मचारीमध्ये नगर प्रमुखले तोकेको १ जना – सदस्य सचिव	क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको वरिष्ठ अधिकृत प्रतिनिधि - अध्यक्ष ख) नेपाल प्रहरीको अधिकृत स्तरको प्रहरी अधिकृत – सदस्य ग) प्रशासन, योजना तथा अनुगमन शाखाको अधिकृत स्तरको कर्मचारी – सदस्य सचिव	

साथै, नगरपालिकामा कार्यरत नगर प्रहरी जवानहरू मध्येबाट नगर प्रहरी हवल्दारमा स्तरवृद्धिको लागि आवश्यक प्रक्रिया अगाडि बढाउँदा रिक्त हुन आउने पदमा प्रहरी जवान महिला प्रहरी नियुक्तिको प्रक्रिया अगाडी बढाउनको लागि कार्यालयलाई स्वीकृति दिने निर्णय गरियो।

१२. **प्राइभेट फर्म दर्ता सम्बन्धि कार्यबिधि, २०७७ को संसोधन प्रस्ताव (पहिलो संसोधन २०८३) सम्बन्धमा।**

निर्णय : बुद्धभूमि नगरपालिकाको प्राइभेट फर्म दर्ता सम्बन्धि कार्यबिधि, २०७७ को संसोधन प्रस्ताव (पहिलो संसोधन २०८३) को तपसिल अनुसार बुँदाहरू संशोधन गर्ने निर्णय गरियो।

क्र. स.	प्राइभेट फर्म दर्ता सम्बन्धि कार्यबिधि, २०७७ मा भएको व्यवस्था	**संसोधन पछि कायम हुने व्यहोरा**	कैफियत
१.	**दफा ५ फर्म दर्ता दस्तुर सम्बन्धमा:** १. पाँच लाख रुपैयाँ सम्म पूँजि भएको प्राइभेट फर्म दर्ता गर्दा एक हजार रुपैँया दर्ता दस्तुर लाग्नेछ ।	**दफा ५ उपदफा (१)** देहायको पुँजि भएको प्राइभेट फर्म दर्ता गर्दा देहाय बमोजिमको दस्तुर लाग्नेछ। क) पाँच लाख रुपैयाँ सम्म – एक हजार रुपैँया। ख) पाँच लाख रुपैयाँदेखि दश लाख रुपैँया सम्म – पाँच हजार रुपैँया	लुम्बिनि प्रदेशको प्राईभेट फर्म दर्ता नियमावली, २०७६ मा भएको संसोधन अनुसार मिलाइएको

उमाकान्त पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

२.	**दफा ७ को (४):** (४) उपदफा (२) बमोजिमको अवधी भित्र प्राइभेट फर्म नवीकरण गराउन नसकेको प्राइभेट फर्मको धनीले आफ्नो प्राइभेट फर्म समय भित्र नवीकरण गराउन नसकेको मनासिब कारण देखाई नवीकरणको लागि दरखास्त दिएमा त्यसरी दिएको दरखास्त जाँचबुझ गर्दा सो कारण मनासिब देखिए नगरपालिकाले प्राइभेट फर्मको नवीकरण गराउने अवधी समाप्त भएको मितिबाट ६ महिना सम्म दफा ५ को उपदफा (१) बमोजिमको दस्तुरको पचास प्रतिशत दस्तुर र सो समय भित्र पनि नवीकरण नगराएमा सो अवधी समाप्त भएको दिन देखि एक वर्ष सम्म दफा ५ को उपदफा (१) बमोजिमको दस्तुर लिई त्यस्तो फर्म नवीकरण गर्न सकिनेछ।	**दफा ७ को (४):** **(क)** उपदफा (२) बमोजिमको अवधी भित्र प्राइभेट फर्म नवीकरण गराउन नसकेको प्राइभेट फर्मको धनीले आफ्नो प्राइभेट फर्म समय भित्र नवीकरण गराउन नसकेको मनासिब कारण देखाई नवीकरणको लागि दरखास्त दिएमा त्यसरी दिएको दरखास्त जाँचबुझ गर्दा सो कारण मनासिब देखिए नगरपालिकाले दफा ७ को (१) बमोजिम प्राइभेट फर्मको नवीकरण गराउने अवधी समाप्त भएको मितिबाट १ वर्ष भित्रमा नविकरण हुन आएमा दफा ५ को उपदफा (१) बमोजिमको दस्तुरको पचास प्रतिशत दस्तुर लिई त्यस्तो प्राइभेट फर्म नवीकरण गर्न सक्नेछ। **(ख)** उपदफा ४ (क) बमोजिमको समय भित्र पनि नवीकरण नगराएमा दफा ७ को (१) नविकरण अवधी समाप्त भएको दिन देखि २ वर्ष सम्म दफा ५ को उपदफा (१) बमोजिमको दस्तुर लिई त्यस्तो फर्म नवीकरण गर्न सकिनेछ।	प्रचलित कार्यविधिको दफा ७ को उपदफा ४ मा भएको व्यवस्थालाई स्पष्ट बनाउन आवश्यक रहेकोले।
३.	**दफा ७ को (५):** उपदफा (४) बमोजिमको म्याद भित्र पनि कुनै प्राइभेट फर्म नवीकरण नगराएमा नगरपालिकाले प्राइभेट फर्म दर्ता ऐन, २०७६ को दफा ११ बमोजिम फर्म खारेजीको कारवाही गर्न सक्नेछ।	**दफा ७ को (५):** उपदफा (४) बमोजिमको म्याद भित्र पनि कुनै प्राइभेट फर्म नवीकरण नगराएमा नगरपालिकाले प्राइभेट फर्म दर्ता ऐन, २०७६ को दफा ११ बमोजिम फर्म खारेजीको कारवाही गर्न सक्नेछ। **तर, कार्यालयले नगरसभाको निर्णय अनुसार नविकरण अवधि समाप्त भएका फर्मले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व बाँकि नरहेको सुनिश्चित गरी नविकरण गर्न निश्चित अवधि प्रदान गर्न सक्नेछ।**	नविकरण अवधि समाप्त भएका प्रा.फ.लाई आवश्यक्ता अनुसार नगर सभाले मार्फत छुट सुविधा तथा नविकरण सम्बन्धि व्यवस्था मिलाउने पर्ने हुनाले।
४	**दफा ८ को (१):** प्राइभेट फर्म दर्ता ऐन, २०७६ को दफा ३ को उपदफा (२) बमोजिम यो कार्यविधि प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भएको फर्मले दर्ता अद्यावधिक गर्न कार्यविधि प्रारम्भ भएको मितिले एक वर्ष भित्र अनुसूची - ६ बमोजिमको ढाँचामा नगरपालिका समक्ष दरखास्त दिनुपर्नेछ। **दफा ८ को (२):** उपदफा (१) बमोजिम अद्यावधिक गर्न दरखास्त परेमा नगरपालिकाले त्यस्तो फर्मको दर्ता अद्यावधिक गरी प्रमाणपत्र दिनु पर्नेछ र दर्ता अद्यावधिक भएको फर्मको अवधि उक्त फर्म नवीकरण गर्नु पर्ने अवधि जति बाँकी छ सो अवधि नघट्ने गरी सोही आर्थिक वर्षको अन्तिम दिन सम्म कायम रहनेछ। **दफा ८ को (३):** ऐनको दफा ५ को उपदफा (२) बमोजिम आकर्षित हुने प्राइभेट फर्महरूको हकमा	**दफा ८ को (१):** साविकमा घरेलु तथा साना उद्योग कार्यालय तौलिहवामा दर्ता भई यस कार्यालयमा हस्तान्तरण भएका रु. दश लाख सम्म पुँजि भएका प्राईभेट फर्म अद्यावधिक गर्न दरखास्त परेमा नगरपालिकाले रु.१०० दरखास्त दस्तुर लिई त्यस्तो फर्मको दर्ता अद्यावधिक गरी प्रमाणपत्र दिन सक्नेछ र दर्ता अद्यावधिक भएको फर्मको अवधि उक्त फर्म नवीकरण गर्नु पर्ने अवधि जति बाँकी छ सो अवधि नघट्ने गरी सोही आर्थिक वर्षको अन्तिम दिन सम्म कायम रहनेछ। **तर, कुनै प्राईभेट फर्मको नविकरण गर्ने अवधि पुगेको रहेछ भने दरखास्त दस्तुर र नविकरण दस्तुर लिई फर्मको नविकरण गर्न सकिनेछ।**	प्रचलित कार्यविधिको **दफा ८ को उपदफा १, २ र ३ मा भएको व्यवस्थालाई एकिकृत** र स्पष्ट बनाउन आवश्यक रहेकोले।

देवेन्द्र कुमार श्रेष्ठ
नगर प्रमुख

	त्यस्ता प्राइभेट फर्मका धनीले एक पटकको लागि कार्यविधि प्रारम्भ भएका मितिले एक वर्ष भित्र अनुसूची - ७ बमोजिमको ढाँचामा फर्म नवीकरण गरी अद्यावधिक गर्नका लागि एक सय रूपैयाँ दरखास्त दस्तुर सहित नगरपालिका समक्ष दरखास्त दिन सक्नेछ।		
५	**दफा ८ दफामा उपदफा २ थप गर्ने**	**दफा ८ उपदफा (२)** **(क)** साविकमा घरेलु तथा साना उद्योग कार्यालय तौलिहवामा दर्ता भई यस कार्यालयमा हस्तान्तरण भएका रु. दश लाख सम्म पुँजि भएका प्राईभेट फर्म र यस कार्यालयमा दर्ता भएका रु. दश लाख सम्म पुँजि भएका प्राईभेट फर्मको त्यसरी फर्म दर्ता भएको ७ दिन भित्र सम्बन्धित वडा कार्यालयमा व्यवसाय दर्ता अनिवार्य गर्नुपर्नेछ। **(ख)** आ.व. २०८२/८३ सम्म नगरपालिकामा मात्र दर्ता / नविकरण भएको कुनै प्राईभेट फर्मले आ.व. २०८३/०८४ मा अनिवार्य रुपमा सम्बन्धित वडा कार्यालयमा गई व्यवसाय दर्ता गर्नु पर्नेछ। **(ग)** उपदफा क र ख बमोजिम कुनै प्राईभेट फर्मले सम्बन्धित वडा कार्यालयमा व्यवसाय दर्ता नगरेमा पनि व्यवसाय कर प्रयोजनका लागि आ.व. २०८३/०८४ लाई नै आधार बर्ष गणना गरिनेछ।	लुम्बिनि प्रदेशको प्राईभेट फर्म दर्ता नियमावलीमा भएको संसोधित व्यवस्था अनुसार संसोधन गर्न साथै नगरपालिकामा सबै व्यवसायलाई आबद्ध गराउन , व्यवसाय कर सम्बन्धि व्यवस्थामा एकरुपता तथा स्पष्टता कायम गर्ने।
६	**दफा ८ दफामा उपदफा ३ थप गर्ने**	**दफा ८ उपदफा (३)** यो कार्यविधि सुरु हुन पुर्व दर्ता भएका रु. दश लाख सम्म पुँजि भएका प्राइभेट फर्मको नविकरणका लागि सम्बन्धित वडा कार्यलयको व्यवसाय दर्ता अनिवार्य शर्तको रुपमा रहनेछ।	नगरपालिकामा सबै व्यवसायलाई आबद्ध गराउन।
७	**दफा ८ दफामा उपदफा ४ थप गर्ने**	दफा ८ उपदफा (४) साविकमा बुद्धभूमि नगरपालिकामा दर्ता भएका व्यवसायहरुको हकमा पहिले नै प्राईभेट फर्म दर्ता भएको रहेनछ भने त्यस्ता व्यवसायको प्राईभेट फर्म दर्ता आ.व. २०८३/८४ भित्रमा अनिवार्य गर्नु पर्नेछ । त्यसरी दर्ता गरिएको प्राइभेट फर्मको अवधि ३ आ.व. हुनेछ। त्यसरी प्राइभेट फर्म दर्ता गर्दा अन्य विवरण व्यवसाय दर्ता प्रमाणपत्रमा उल्लेख भए अनुसार नै हुनेछ।	प्रा.फ. नविकरण सम्बन्धि व्यवस्थामा एकरुपता तथा स्पष्टता कायम गर्ने।
८	**दफा ८ दफामा उपदफा ५ थप गर्ने**	**दफा ८ उपदफा (५)** उपदफा ४ बमोजिमको प्राईभेट फर्म दर्ताको दस्तुर देहाय बमोजिमको हुनेछ। क) आ.व. २०८३/०८४ भित्रमा प्राईभेट फर्म दर्ता हुन आएमा रु. २००/- ख) आ.व. २०८४/०८५ भित्रमा प्राईभेट फर्म दर्ता हुन आएमा रु. ५०० /- ग) आ.व. २०८४/०८५ पछि प्राईभेट फर्म दर्ता हुन आएमा रु. १०००/-	प्रा.फ. नविकरण सम्बन्धि व्यवस्थामा स्पष्टता कायम गर्ने।

उदय कुमार श्रेष्ठ
नगर प्रमुख

	दफा ९ को उपदफा (१) : ऐनको दफा ६ को प्रयोजनको लागि ऐन, नियमावली र यस कार्यविधिको अधिनमा रहि **रू.पाँचलाख सम्म** पूँजी भएको प्राइभेट फर्म नगरपालिकामा दर्ता, नवीकरण र अद्यावधिक गर्न सक्नेछ।	**दफा ९ को उपदफा (१)** ऐनको दफा ६ को प्रयोजनको लागि ऐन, नियमावली र यस कार्यविधिको अधिनमा रहि **रू.दश लाख सम्म** पूँजी भएकों प्राइभेट फर्म नगरपालिकामा दर्ता, नवीकरण र अद्यावधिक गर्न सक्नेछ।	लुम्बनी प्रदेशको प्राईभेट फर्म दर्ता नियमावलीमा भएको व्यवस्था अनुसार संसोधन गर्ने।

अनामनगर गाउँपालिका
प्रमुख प्रशासकीय अधिकृत

कैलाश कुमार श्रेष्ठ
नगर प्रमुख